मुख्यमन्त्री

गण्डकी प्रदेश सरकार
माननीय मुख्यमन्त्रीको निजी सचिवालय
पोखरा, नेपाल

गण्डकी प्रदेश
पोखरा, नेपाल

## अन्तर्राष्ट्रिय मजदुर दिवसको शुभकामना!

आज विश्वभरका श्रमिकहरुको अधिकार स्थापित भएको दिन अर्थात् अन्तर्राष्ट्रिय मजदुर दिवस। देश विदेशमा रहनुभएका सम्पूर्ण नेपाली दिदीबहिनी/दाजुभाइहरुमा यस अवसरमा सुख, शान्ति, समृद्धि एवं श्रम अधिकार सुनिश्चितताको कामना गर्दै शुभकामना व्यक्त गर्दछु।

रातदिन श्रम गरेर जिविकोपार्जन गर्ने श्रमजीवहरुको हक, अधिकार र स्वतन्त्रतालाई स्थापित गर्दै सबै वर्गका मजदुरहरुलाई एकताको सूत्रमा बाँध्न यस दिवसले सहयोग गर्ने विश्वास मैले लिएको छु। विसं २००७ को ऐतिहासिक जनक्रान्तिको जग नै विराटनगर मजदुर आन्दोलन थियो। साथै नेपाली कांग्रेसको जन-निर्वाचित सरकारले विसं २०१६ मा कारखाना र मजदूरसम्बन्धी कानुन तर्जुमा गरेर, मजदुरहरुलाई कानुनसम्मत् अधिकार प्रदान गरेको सन्दर्भ यस अवसरमा स्मरण गर्दछु।

नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि अग्रपंक्तिमा जुध्ने श्रमिक वर्गको उच्च योगदानको सम्मान गर्दै मुलुकमा समाजवाद उन्मुख अर्थतन्त्र निर्माण गर्ने संवैधानिक प्रावधानले मूर्तरुप लिन सकेमात्र यो वर्ग लाभान्वित हुनेछ। शासन व्यवस्था संस्थागत हुने क्रममा नेपाली श्रम क्षेत्रमा अझै पनि अनेकन समस्या छन्। उनीहरुको हक, हित सुरक्षाका लागि प्रदेश सरकार सदा प्रतिबद्ध छ। मजदुर वर्गको आर्थिक हैसियत माथि उकास्न सकेमात्र लोकतन्त्रको उपादेयता सार्थक हुन्छ। श्रमको सम्मान गर्ने शासन नै लोकतन्त्र हो। यस अवसरमा पुन सम्पूर्ण मजदुर वर्गमा शुभकामना व्यक्त गर्दछु।

मिति : २०७९ वैशाख १८

कृष्णचन्द्र नेपाली पोखरेल